# ललितपुर उप महानगरपालिका कार्यालय

**खरिद इकाई**

पुल्चोक, ललितपुर

## शौचालय संचालन सम्बन्धी

## शिलबन्दी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७१/०७/२६**

**बोलपत्र बुझाउने अन्तिम दिन : २०७१/०८/१० गते दिनको १२:०० बजे भित्र**

यस ललितपुर उप महागनरपालिका कार्यालयको स्वामित्वमा रहेको ल.पु. वडा नं. १२ मंगलबजारमा रहेको शौचालय (दुई तल्ले शौचालय मध्ये माथिल्लो तल्लाको शौचालय पर्यटकहरुका लागि निःशुल्क रुपमा र तल्लो तल्लामा रहेको शौचालयमा मात्र शुल्क संकलन गर्ने गरी) संचालन गर्न **मिति ०७४ आषाढ मसान्त** सम्मका लागि शिलवन्दी बोलपत्र आव्हान गरी ठेक्कामा दिने निर्णय भएको हुंदा प्रथम पटक सूचना प्रकाशित मितिले १५ औं दिन दिनको १२:०० बजे भित्र आवश्यक कागजात सहित यस कार्यालयले तोकेको निम्न शर्त तथा न्युनतम अंकमा नघटाई **अनिवार्य VAT मा दर्ता भएका** इच्छुक व्यक्ति वा संघसंस्था, फर्म, कम्पनी, इजाजत प्राप्त क्लबहरुबाट रितपुर्वकको गोप्य बोलपत्र पेश गर्न आव्हान गरिन्छ । बोलपत्र फाराम यस कार्यालयको राजश्व प्रशासन महाशाखाबाट कार्यालय समयमा रु. ३००/– (तीन सय रुपैयां) मा फिर्ता नहुने गरी खरिद गर्न सकिनेछ । बोलपत्रको बाहिर खामको बाहिर पट्टी प्रष्ट बुझिने गरी ललितपुर उपमहानगरपालिका कार्यालय ल.पु., पुल्चोक, विवरण उल्लेख गर्नुपर्नेछ । बोलपत्रदाताले आफुले कवोल गरेको अंक र अक्षरमा (VAT बाहेक) प्रष्ट लेख्नु पर्नेछ र अंक र अक्षर फरक परेमा वा प्रष्ट नभएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । बोलपत्र दाताले वार्षिक कवोल अंक (VAT बाहेक) को ५% (पांच प्रतिशत)ले हुने धरौटी वापतको रकम यस कार्यालयको ल.पु. गावहाल स्थित **ल.पु.उ.म.न.पा. ग.३ स.का. ६ धरौटी ५१–१२८३६ नं. धरौटी खाता**मा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नुपर्नेछ । बोलपत्र प्रथम पटक प्रकाशित मितिले १५औं दिन अर्थात बोलपत्र दाखिला गर्ने अन्तिम दिन दिनको २:०० बजे बोलपत्र दाताहरुको रोहवरमा खोलिने छ । सो दिन विदा परेमा सोको भोलिपल्ट खोलिने छ । म्याद नाघी वा रित नपुर्याई पेश गरेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन । ऐन नियम बमोजिम बुझाउनु पर्ने सम्पुर्ण कर बोलपत्र दाताले नै व्यहोर्नु पर्नेछ । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । बोलपत्र स्वीकृती पश्चात सम्झौता गर्ने समयमा आफुले कवोल गरेको अंकको मासिक दुई महिनाको मासिक शुल्क बराबरको धरौटी रकम दाखिला गर्नुपर्नेछ । दाखिला गर्न नआएमा राखिएको धरौटी जफत गरिनेछ । यस सूचनामा उल्लेख नभएका कुराको हकमा प्रचलित ऐन, नियम र बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । यस सम्बन्धी थप जानकारीका लागि यस कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

## तपसिल

| क्र.सं. | विवरण | तोकिएको न्यूनतम मासिक शुल्क दर | तोकिएको न्यूनतम वार्षिक शुल्क दर | कैफियत |
|---|---|---|---|---|
| १. | ल.पु. वडा नं. १२ मंगलबजारमा अवस्थित शौचालय | **रु. १८,०००/** (अठार हजार रुपैयां) (**VAT** बाहेक) | **रु. २१६,०००/** (दुई लाख सोह्र हजार रुपैयां) (**VAT** बाहेक) | प्रत्येक आ.व. मा १०% (दश प्रतिशत) का दरले वृद्धि हुनेछ |
| | | **रु. २०,३४०/** (बीस हजार तीन सय चालिस रुपैयां) (**VAT** सहित) | **रु. २४४,०८०/** (दुई लाख चवालिस हजार अस्सी रुपैयां) (**VAT** सहित) | |